# परिवर्तनकी संवाहक मच्छेदेवी गुरूङ

● बिडिएल

नेपालको दुर्गम क्षेत्र सोलुखुम्बुको बिकट गाउँ मुक्लीको मैदेलमा जन्मेकी मच्छेदेवी गुरूङको जीवन संघर्ष, शिक्षा, समर्पण र उपलब्धिको प्रेरणादायी यात्रा हो। बाल्यकालमा रेडियोबाट मान्छे बोलेको सुन्दा "सानो भाँडोभित्र मान्छे कसरी बोल्छ?" भन्ने जिज्ञासाले उनलाई अचम्मित बनाउँथ्यो। त्यही जिज्ञासाले पछि उनलाई सञ्चार माध्यमसँग जोड्दै समाज परिवर्तनको यात्रातर्फ डोऱ्यायो।



● मच्छे देवी गुरूङ

रेडियो सगरमाथासँगको संलग्नताले उनको जीवनमा निर्णायक मोड ल्यायो। त्यहीँबाट उनले आफ्नो मात्र होइन, आवाजविहीन महिलाहरूको आवाज बुलन्द गरिन्। "जहाँ इच्छा, त्यहाँ उपाय" भन्ने विश्वासकासाथ उनले महिलाका मुद्दालाई राष्ट्रिय बहसको केन्द्रमा ल्याउने अभियान सुरू गरिन्। पाँच वर्षसम्म रेडियो



कार्यक्रम सञ्चालन गर्दै उनले गरिब, सिमान्तकृत तथा विविध समुदायका महिलाहरूको सहभागिता अभिवृद्धि गर्ने उद्देश्यसहित निरन्तर पैरवी गरिन्। शिक्षा, स्वास्थ्य, खानेपानी र बन उपभोक्ता समितिमा महिलाको सहभागिता सुनिश्चित गर्न उनले सञ्चालन गरेको अभियानले उल्लेखनीय परिणाम दिएको छ। विशेषताः वन उपभोक्ता समितिमा महिलाको उपस्थिति उल्लेखनीय रूपमा बढेको छ।

गाउँकै विद्यालयबाट एसएलसी पुरा गरे पछि उच्च शिक्षा अध्ययनका लागि राजधानी काठमाडौं प्रवेश गरेकी गुरूङले रत्न राज्यलक्ष्मी क्याम्पसमा आईए अध्ययनसँगै काम पनि सुरू गरिन्। पढाइ र काम सँगसँगै अघि बढाउँदा, महिला अधिकार र बालिकाको शिक्षाप्रति सचेतना बढ्दै गयो। यही क्रममा उनले महिलाको आवाज उठाउने प्रभावकारी माध्यम सञ्चार हो भन्ने बुझिन्। त्यसैले, नेपाल प्रेस इन्स्टिच्युटबाट १० महिनाको पत्रकारिता तालिम पूरा गरिन।

उनको औपचारिक र व्यावसायिक शिक्षा समाजशास्त्र तथा मानवशास्त्र (स्नातकोत्तर त्रिभुवन विश्वविद्यालय), कानून (स्नातक) र आदिवासी शिक्षा तथा विकास (स्नातकोत्तर काठमाडौं विश्वविद्यालय) सम्म विस्तार भएको छ। शिक्षालाई उनले महिला सशक्तिकरणको आधार मानेकी छन् र बालिका तथा महिलाका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न निरन्तर वकालत गर्दै आएकी छन्।

कान्तिपुर राष्ट्रिय दैनिकमा इन्टर्नसिप गर्दै एन्टेना फाउन्डेसन, रेडियो सगरमाथा, समकोण टेलिभिजन, एभरेष्ट टाइम्स हुँदै हाल अमेरिकामा आधारित सञ्चार माध्यमसम्म उनको पत्रकारिता यात्रा निरन्तर अघि बढेको छ। रेडियो सगरमाथामा रहँदा उनले महिला अधिकार, राजनीतिक सहभागिता, स्वास्थ्य, शिक्षा, रोजगारी, हिंसा विरूद्ध, बेचबिखन तथा सशक्तिकरणका विषयमा केन्द्रित रही ४ सयभन्दा बढी रेडियो कार्यक्रम निर्माण गरिन्। विविध समुदाय– आदिवासी, दलित, मधेसी, मुस्लिम, अपांगता भएका तथा अन्य सिमान्तकृत महिलाका मुद्दालाई अलग-अलग रूपमा उठाउँदै उनले समावेशी



पत्रकारिताको अभ्यास स्थापित गरिन्।

उनको निरन्तर वकालत र अभियानले राज्यका संरचनामा महिलाको सहभागिता बढाउन योगदान पुऱ्यायो। जसको परिणाम स्वरूप संविधानसभा र व्यवस्थापिका संसदमा करिब ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित भयो। जुन दक्षिण एशियामै महत्वपूर्ण उपलब्धि भएको मानिन्छ।

यसका साथै सामाजिक प्रभावका साथसाथै उनले संस्थागत नेतृत्व र निर्णय प्रक्रियामा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेकी छन्। नेपाल अमेरिका पत्रकार संघ (नेजा) मा उनी कार्यसमिति सदस्य, कोषाध्यक्ष र उपाध्यक्षका रूपमा कार्यरत रहिन्। त्यस्तै, विभिन्न संघसंस्थाहरूमा उनले निर्णायक (Judge), निर्वाचन आयुक्त (Election Committee Member) तथा मिडिया कोअर्डिनेटरको जिम्मेवारी निर्वाह गरेकी छन्। फिप्नाको आठौं राष्ट्रिय अधिवेशनमा पनि उनले निर्वाचन आयुक्तको भूमिका निर्वाह गरेकी थिइन्।

उनको योगदानको कदर गर्दै बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूले सम्मान तथा पुरस्कार प्रदान गरेका छन्। नेपाल आदिवासी जनजाति महासंघ अमेरिका (FIPNA) न्यूयोर्कले ३१औं विश्व आदिवासी दिवसका अवसरमा उनलाई सम्मान गरेको छ। त्यस्तै, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) ले “फोनिज राष्ट्रिय पत्रकारिता प्रवास अवार्ड २०८२” प्रदान गरी उनको योगदानलाई उच्च मूल्यांकन गरेको छ। साथै, बिभिन्न संस्थाहरूबाट प्रशंसापत्र र अवार्ड प्राप्त गरेका छन्।

गुरूङको कामको सम्मान स्वरूप बिभिन्न संघसंस्थाले सम्मान गर्दा आफूलाई हौसला र प्रेरणा मिल्ने बताउँछिन्। यस्ता सम्मान र पुरस्कारले आफुलाई अझ पेशाप्रति इमान्दार भएर अघि बढ्न उर्जा दिने उनको अनुभव छ। २०२३ मा नेपालिज्म डटकमले हरेक बर्ष घोषणा गरेको परिवर्तनको संवाहकको रूपमा गुरूङ सम्मानित भएका थिए। त्यसो त गुरूङले २०२५ मा नेपाल अमेरिका पत्रकार सघं (नेजा) एनआरएनए पुरस्कार छनौट समितिमा निर्णायकको रूपमा काम गरिसकेकी छन्। उनले आदिवासी जनजाति महासंघ अमेरिका (फिप्ना) न्यू योर्कले आयोजना गरेको नेपाल इन्डिजिनियस फिल्म फेस्टिबल एण्ड निफ अवार्ड २०१८ मा निर्णायकको भूमिका निभाइसकेकी छन्। उनले नेपाली आदिवासी जनजातिको भाषा, धर्म, संस्कार, संस्कृति र पहिचानलाई संवर्द्धन, प्रवर्द्धन गर्ने उद्देश्यले फिप्नाले आयोजना गरेका






फिल्म फेस्टिबल तथा निफ अवार्डमा मिडिया कोअर्डिनेटरका रूपमा समेत काम गरिसकेकी छन्। फिप्नाको २०२१मा भएको आठौं राष्ट्रिय अधिवेसनमा गुरूङले निर्वाचन आयुक्तको रूपमा समेत काम गरिसकेकी छिन्।

नेपालमा रहँदा गुरूङले (तमू) गुरूङ सञ्चारकर्मी संघले प्रदान गर्ने पुरस्कार छनौट समितिमा निर्णायकको भूमिका निभाएकी थिइन्। गुरूङले नेपाली डायस्पोरामा रहेर महिला अधिकार, आदिवासी जनजातिको भाषा, धर्म, संस्कार, संस्कृति, पहिचान र आदिवासीको जीवनशैलीलाई संवर्द्धन गर्न र आदिवासी हक हितको लागि सञ्चारको माध्यमबाट समुदायलाई योगदान गरेको भन्दै बिभिन्न सामाजिक संघसंस्थाले सम्मान समेत गरेको छ। द पब्लिक एडभोकेट फर सिटी अफ न्यू योर्कले (तमू) गुरूङहरूको तमू ल्होछार २०२३मा गुरूङलाई सम्मान गरेको थियो। एभरेष्ट टाइम्सको १०औं वार्षिकोत्सवमा न्यू योर्क सिटी काउन्सिल मेम्बर कोष्टा कोष्टान्टिनिडेजले साइटेसन प्रदान गरेको थियो। पत्रकारितामार्फत आदिवासी समुदायलाई योगदान गरेकोमा गुरूङलाई तामाङ सोसाइटी अफ अमेरिकाले डम्फु साँझ २०१८ मा सम्मान गरेको थियो। महिला हिंसा बिरूद्ध समाचार प्रकाशन तथा प्रसारण गरेको भन्दै नेपाल स्थित बेलायत राजदुतावास, महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल र ओरेक नेपालको समन्वयमा २०१२ मा गुरूङसहित १५ जना पत्रकारहरूलाई सम्मान गरेको थियो। उनी देश बिदेशमा भएका बिभिन्न तालिममा सहभागिता जनाउँदै आएकी छन्।

अमेरिकामा रहेर पनि उनले सामुदायिक पत्रकारितामार्फत नेपाली डायस्पोराको आवाज उठाउँदै आएकी छन्। उनी न्यूयोर्कबाट सञ्चालित

अनलाइन पोर्टलमार्फत सम्पादकीय नेतृत्व गर्दै समुदाय, महिला अधिकार, भाषा, संस्कृति र पहिचान संरक्षणमा सक्रिय छिन्। साथै, एभरेष्ट टाइम्समा अतिथि सम्पादकका रूपमा योगदान दिँदै, बिभिन्न संस्थागत गतिविधिमा संलग्न हुदै, प्रवासी नेपाली समुदायको सशक्तिकरणमा महत्वपूर्ण भूमिका निर्वाह गरेकी छन्।

उनको जीवन दृष्टिकोणमा शिक्षा, समानता, सामाजिक न्याय र समावेशिता मुख्य आधार हुन्। महिलाभित्र पनि बिविधता रहेको र प्रत्येक समुदायका महिलाका समस्याहरू फरक हुने भएकाले नीति निर्माण र कार्यक्रमहरू पनि त्यही अनुरूप हुनु पर्ने उनको दृढ धारणा छ। आदिवासी जनजाति महिला, दलित, मधेसी, मुस्लिम, अपांगता भएका तथा एकल महिलाका फरक फरक चुनौतीलाई अलग अलग सम्बोधन नगरेसम्म वास्तविक समावेशिता सम्भव नहुने उनको तर्क छ। संस्कृति, भाषा र पहिचान संरक्षणका साथसाथै नयाँ पुस्तालाई आफ्नै जरा र समुदायसँग जोड्नु पर्नेमा उनको विशेष जोड छ। जल, जमिन र जंगलसँग गहिरो सम्बन्ध रहेको आदिवासी समुदायका अधिकारलाई जलवायु र न्यायसँग जोड्दै अघि बढ्नु पर्ने उनको दृष्टिकोण छ।

मच्छे देवी गुरूङको यात्रा केवल व्यक्तिगत उपलब्धि होइन। महिला अधिकार, समावेशिता, आदिवासी पहिचान र सामाजिक न्यायका लागि निरन्तर संघर्ष र योगदानको सशक्त उदाहरण हो। उनले प्राप्त गरेका शिक्षा, सम्मान, पुरस्कार, निर्णायक भूमिका र नेतृत्वदायी जिम्मेवारीहरूले उनलाई परिवर्तनको सशक्त आवाजका रूपमा स्थापित गरेका छन्।

